# तिलाठी कोईलाडी गाउँपालिका

তিলাঠী কোঈলাড়ী গাউঁপালিকা

## गाउँ कार्यपालिकाको कार्यालय

तिलाठी, सप्तरी
मधेश प्रदेश, नेपाल

प.सं. :- २०८२।०८३
च.नं. :- ८११

EmailID:tilathikoiladigp@gmail.com
सम्पर्क नं. : ९८५२८२२२२५


मितिः- २०८२/११/२७

**विषयः न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारे सूचना।**

उपरोक्त सम्बन्धमा रोजगार सेवा केन्द्र सञ्चालन ऐन २०७५ को दफा ११ उपदफा (१), रोजगारीको हक (दोश्रो संशोधन) नियमावली २०७५ को नियम ७ उपनियम (१) र राष्ट्रिय रोजगार प्रवर्द्दन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८२ को दफा १७ बमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ मा न्यूनतम रोजगारीमा संलग्न हुन इच्छुक १८ देखि ५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिहरुलाई स्थानीय तहमा निवेदन दिन आह्वान गरिएको हुँदा आवश्यक कागजात सहित कार्यालयको समय भित्र आफ्नो वडा कार्यालयमा गई रित पुर्वक निवेदन फारम भर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

निवेदन फारम वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। साथै यससँग सम्बन्धित विस्तृत जानकारी राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको वेबसाइट **www.pmep.gov.np** बाट प्राप्त गर्न सकिनेछ।

**आवेदनका लागि आवश्यक कागज़ातहरू:**

- निवेदकको. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि १ प्रति ।
- निवेदकले कुनै शिपमुलक तालिम लिएको भए सो को प्रतिलिपि १ थान ।
- परिवारका सम्पूर्ण सदस्यको नागरिकता प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति ।
- स्थायी बसोबास खुल्ने आवश्यक कागजात (विवाह दर्ता, बसाईंसराइ प्रमाणपत्रको प्रतिलिपि १ प्रति।
- वैवाहिक स्थिति खुल्ने आवश्यक कागजात (विवाह दर्ता वा सम्बन्धित प्रमाणपत्र) को प्रतिलिपि ।
- निवेदकको सम्पर्क नम्बर तथा बैंक खाता विवरण ।
- निवेदकको पासपोर्ट साइजको फोटो १ प्रति ।

**आवेदन दिने अन्तिम मितिः**

२०८२ चैत्र १५ गतेसम्म

**बोधार्थ :**

१. श्री सुचना प्रविधि शाखा सुचना कार्यालयको वेवसाइट र फेसबुकपेजमा अपलोड गरिदिनु हुन ।
२. श्री १ देखिं ८ न वडा कार्यालय,तिलाठी कोइलाडी गाउँपालिका सूचना टाँस गर्नुहुन र रितपूर्वक प्राप्त निवेदन संकलन गर्नु हुन)

सरोज कुमार कर्ण
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत